# उच्च माध्यमिक शिक्षा परिषद

## सम्बन्धन महाशाखाको

# अस्थायी सम्बन्धन सम्बन्धी जरुरी सूचना

यस परिषद्बाट सम्बन्धन लिई शैक्षिक सत्र २०६५/०६६ देखि उच्च माध्यमिक तहको कक्षा संचालन गर्न इच्छुक माध्यमिक विद्यालयहरुलाई २०६४ मंसिर २५ गते देखि २०६४ माघ १० गते भित्र तपसिलमा उल्लेख भएका कागजातहरु सहित आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। आवेदन फारम परिषद्को सचिवालय सानेठिमीका साथै क्षेत्रीय सम्पर्क कार्यालयहरु विराटनगर, हेटौंडा, पोखरा, बुटवल, नेपालगञ्ज र धनगढीबाट समेत रु. ५००/- शुल्क तिरी प्राप्त गर्न र बुझाउन सकिनेछ। परिषद्का सबै सम्पर्क कार्यालयहरुले पनि यसै सूचनालाई आधारमानी सोही अनुसार गर्नु/गराउनु हुन जानकारी गराइन्छ।

**आवेदन फारम दर्ता गराउँदा अनिवार्य पेश गर्नुपर्ने कागजातहरु:**

(क) जिल्ला शिक्षा समति र शिक्षा विभागको सिफारिस।

(ख) सम्भाव्यता अध्ययन निरीक्षण शुल्क वापत रु. १०,०००।- (दश हजार) को नगदी रसिद वा बैंक भौचर/ड्राफ्ट।

(ग) शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको गठन भएको आधिकारीक पत्र।

(घ) उच्च माध्यमिक विद्यालय निरन्तर रुपमा सञ्चालन गर्ने प्रतिवद्धता सहित संचालन गर्न चाहेका विषयहरु उल्लेख भएको विद्यालय व्यवस्थापन समितिको निर्णको प्रमाणित प्रतिलिपी।

(ङ) विद्यालयको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी/घर जग्गा भाडामा लिउको भए ५ वर्षे सम्झौता पत्रको प्रमाणित प्रतिलिपी र जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी।

(च) प्र.अ. नेपाली नागरिक र स्नातकोत्तर उत्तीर्ण प्रमाण।

(छ) माध्यमिक तहको स्वीकृती प्राप्त गरेको पत्रको प्रमाणित प्रतिलिपी।

(ज) कक्षा १० मा विगत ३ वर्षमा निम्नानुसारको विद्यार्थी संख्या भै एस.एल.सी. परीक्षामा निम्नानुसारको प्रतिशतमा विद्यार्थी उत्तीर्ण भएको प्रमाण।

| क्षेत्र | ३ वर्षको औशत विद्यार्थी संख्या | ३ वर्षको औशत उत्तीर्ण प्रतिशत |
|---|---|---|
| हिमाली सहित दुर्गम पहाडी जिल्ला | ३० | ३० |
| अन्य पहाडी जिल्ला | ५० | ४० |
| तराई जिल्ला | ७० | ७० |

आवेदन फारममा अध्यक्ष र प्र.अ. को दरखास्त सहित संस्थाको छाप लगाएको हुनुपर्नेछ।

माथि उल्लेखित सबै कागजात सहित दर्ता भएका आवेदन उपर परिषद्बाट स्थलगत निरीक्षण गरी सबै पूर्वाधार पुरा गरेका विद्यालयलाई मात्र सम्बन्धन प्रदान गरिनेछ।

**सम्बन्धन महाशाखा**

सानोठिमी, भक्तपुर

फोन नं: ६६३१३९४ - {६६३५१२७, ६६३५१२८} Ext. १०५